**प्रेस विज्ञप्ति**
**श्रावण २६, २०८३**

## एन आई सी एशिया क्यापिटल लिमिटेडले आ.व. २०८२/०८३ मा ५० प्रतिशत नगद लाभांश वितरण गर्ने ।

एन आई सी एशिया क्यापिटल लिमिटेडको मिति २०८३/०४/२६ गते सम्पन्न संचालक समितिको १७४औं बैठकको निर्णयानुसार क्यापिटलको दशौं वार्षिक साधारण सभा यही मिति २०८३ साल भाद्र २६ गते (तदनुसार सेप्टेम्बर ११, २०२६) शुक्रबारका दिन एन आई सी एशिया क्यापिटल लिमिटेडको, रजिष्टर्ड कार्यालय, थापाथली, काठमाण्डौमा बिहान ९ बजे गर्न लागिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउदछौं ।

उक्त वार्षिक साधारण सभाबाट **आर्थिक वर्ष २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने तथा संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ५० प्रतिशत (कर सहित) नगद लाभांश** वितरण गर्न स्वीकृति प्रदान गर्ने लगायतका प्रस्तावहरु उपर छलफल गरि पारित गर्ने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

साथै क्यापिटलले आफ्नो सेवालाई सर्वसुलभ र प्रविधिको प्रयोग मार्फत ग्राहकहरु माँझ पुऱ्याउन **"अब लाईनमा होइन, क्यापिटलको सेवा Online मा"** भन्ने मुल नाराका साथ अगाडी बढेको यस क्यापिटलले आर्थिक वर्ष २०८२/०८३ को अन्त्य सम्ममा क्यापिटलबाट प्रदान गरिने अधिकांश सेवाहरु Online मार्फत उपलब्ध गराउने व्यवस्था मिलाउन समेत सफल भएको छ ।

..............................
रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

१ नेपाली
एक DEMAT खाता

मेरो लगानी,
मेरो भविष्य